# सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ (३) बमोजिम प्रस्तुत गरिएको व्यास नगरपालिका कार्यालयसंग सम्बन्धित सार्वजनिक विवरण

१. निकायको स्वरुप र प्रकृति
-वि.स.२०७३ फागुन २७ गते स्थानीय तह घोषणा भई लागु भएको (वि.सं.२०४८ साल चैत्र ३० गते व्यास नगरपालिका घोषित भएको स्थानीय निकाय)

२. निकायको काम, कर्तव्य र अधिकार
-नगर सभा संचालन कार्यविधि २०७४, नगरपालिका (कार्यविभाजन) नियमावली २०७४, नगरपालिकाको (कार्य सम्पादन) नियमावली २०७४, निर्णय आदेश र अधिकारपत्रको प्रमाणिकरण कार्यविधि नियमावली २०७४, व्यास नगरपालिकाका पदाधिकारीहरुको आचार संहिता २०७४, व्यास न.पा. आर्थिक ऐन २०७४, विनियोजन ऐन २०७४, स्थानीय स्वायत्त शासन ऐन २०५५, नियमावली २०५६ ले तोके अनुसार

३. कर्मचारी संख्या र कार्य विवरण
-स्वीकृत दरबन्दी ६८ रहेको जसमा ६३ जना पदपूर्ति भएको र निजहरुको नामावली वेवसाइटमा राखिएको र सबैको कार्य विवरण भएको

४. नगरपालिकाबाट प्रदान गरिने सेवा
- नगरपालिका (कार्यविभाजन) नियमावली २०७४, स्थानीय स्वा.शा.ऐन २०५५ र नियमावली २०५६ ले तोके अनुसार

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी
-सांगठनिक ढाँचा अनुसार शाखाहरुको जिम्मेवारी तोकिएको

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि
-दस्तुर र अवधि नागरिक वडापत्रमा उल्लेख गरिएको साथै नागरिक वडा पत्र र दस्तुरको विस्तृत विवरण वेव साइटमा पनि राखिएको

७. निर्णय गर्ने प्रकिया र अधिकारी
-बार्षिक नगर विकास योजना नगर सभाको बैठकले स्वीकृत गर्ने गरेको
-अन्य निर्णयहरु नगरपालिका कार्यपालिका बोर्डले गर्ने गरेको
-अन्य नियमित कामहरु शाखा प्रमुखको सिफारिसमा प्रमुख र कार्यकारी अधिकृतबाट निर्णय हुने

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी
-बरिष्ठ आन्तरिक लेखापरीक्षक कुमार कंचन जि.सी.लाई तोकिएको

१०. नगरपालिकाको प्रवक्ता
-लेखा अधिकृत मेघनाथ अचार्यलाई तोकिएको

११. प्रमुख, उपप्रमुख, कार्यकारी अधिकृत र सूचना अधिकारीको नाम र पद
-प्रमुखः वैकुण्ठनाथ न्यौपाने उपप्रमुखः श्री मिरा जोशी, कार्यकारी अधिकृतः हरिप्रसाद बास्तोला
-सूचना अधिकारी गोकर्णराज वाग्ले (कम्प्युटर अधिकृत)

१२. सम्पादन गरेको कामको विवरण
-समिक्षा बैठक, बार्षिक कार्यक्रमहरुमा प्रस्तुत तथा प्रकाशन गर्ने गरिएको
-सरोकारवाला निकाय र व्यक्तिलाई मागेको अवस्थामा उपलब्ध गराउने गरिएको साथै सम्पूर्ण विवरणहरु वेव साइटमा राखिएको

१३. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण
-नगरपालिका स्थापना कालदेखि हालसम्मको आम्दानी खर्चहरुको विवरण वेवसाइटमा राखिएको र आ.व.०७३।७४ को आम्दानी रु.३९,४१,९२,७८८।३७ खर्चतर्फ प्रशासनिक खर्च रु.३,५२,२०,७२१।३६ र विकास खर्च रु.३०,४७,०२,०७२।३६
-आन्तरिक लेखापरिक्षण शाखा स्थापना भएको र अन्तिम लेखापरीक्षण हरेक वर्ष सम्पन्न भएपछिको वर्षमा गर्ने गरिएको ।

१४. ऐन, नियम, विनियम वा निर्देशिकाहरु
-नगरपालिकाबाट निर्माण गरिएका विनियम र निर्देशिकाहरु वेवसाइटमा राखिएको